बागमती प्रदेशका माननीय प्रदेश प्रमुख ज्यू, प्रदेशसभाका माननीय सभामुख ज्यु, प्रदेश सरकारका माननीय मन्त्री ज्यु, प्रदेश सभाका माननीय सदस्य ज्यु, जनप्रतिनिधि एवम् राष्ट्रसेवक कर्मचारी, सुरक्षा प्रमुखहरु लगायत सम्पुर्णमा हार्दिक अभिवादन ब्यक्त गर्दछु ।

आज फागुन ७ गते प्रजातन्त्र दिवस । २००७ साल फागुन ७ गते निरङकुश राणाशासनको अन्त्य भई प्रजातन्त्रको स्थापना  थियो । त्यसअघि राणाविरोधि प्रजातान्त्रिक आन्दोलनमा लागेका कारण शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठ विसं १९९७ माघमा शहिद भएका थिए । निरङकुश जहाँनियाँ राणा शासनको अन्त्य भई देशमा प्रजातन्त्र स्थापना भएको दिनलाई सम्झिदै हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवस मनाउदै आएका छौं । यस दिवसको अवसरमा प्रजातन्त्रको स्थापनामा आफ्नो अमुल्य जीवनको आहुति दिनुभएका महान शहिदहरुप्रति हार्दिक सम्मान एवम् श्रदाञ्जलि ब्यक्त गर्दछु । सहिदहरुले देखाउनुभएको बाटोमा अविराम अघि बढ्ने प्रतिबद्धता ब्यक्त गर्दछु ।

आज हामी ७१ औं प्रजातन्त्र दिवस मनाउदैं छौं । वि.सं २००७ सालमा प्रजातन्त्रको स्थापना भए पश्चात पनि नेपाली जनताले लामो समय प्रजातन्त्र र स्वतन्त्रताको उपभोग गर्न पाएनौं । यसका लागि पटकपटक संघर्ष गर्नुप¥यो । एकतन्त्रीय जहाँनियाँ राणा शासनको अन्त्य भई देशमा प्रजातन्त्रको वहाली भएको दिनको स्मरण गर्दैगर्दा आज हामी वंश विरासतमा आधारित कुनै पनि ब्यवस्थामा छैनौं । सार्वभौम जनताको मतबाट निर्वाचित जनताको प्रतिनिधिबाट शासनसक्ता संचालन गरिने ब्यवस्थामा छौं । अर्थात हामी संघिय लोकतान्त्रिक गणतन्त्रको युगमा छौं । निश्चय नै, प्रजातन्त्र स्थापनादेखि आजसम्म आईपुग्दा देशमा धेरै कुराहरु बद्लिएको छ । यसक्रममा निर्दलिय पञ्चायति ब्यवस्था, संवैधानिक राजतन्त्र सहित बहुदलिय ब्यवस्था, निरङकुश राजतन्त्र हुदैं संघिय लोकतान्त्रिक

गणतन्त्रसम्मको यात्रा कम्ता चुनौतिपुर्ण थिएन तर हाम्रो आगामि यात्रा झनै चुनौतिपुर्ण छ भन्ने यथार्थप्रति हामी अनविज्ञ छैनौं ।

लामो संघर्ष र बलिदानीको जगमा ऐतिहासिक संविधानसभाबाट नयाँ संविधान जारी भएसंगै संविधानको कार्यान्वयन र नेपाली जनताको समृद्ध नेपाल, सुखी नेपालीको आकांक्षालाई साकार बनाउने म्याडेट सहित २०७४ माघ २९ गते प्रदेश सरकारको गठन भएको यहाँहरुमा सर्वविदितै छ । नेपालको ईतिहासमै पहिलोपटक अस्तिवमा आएको प्रादेशिक संरचनालाई संविधानले निर्दिष्ट गरेको अधिकार र कर्तब्यको सिमाभित्र रहेर शुन्य अवस्थाबाट आजसम्म आईपुग्दाको यात्रा सहज थिएन । एकातिर जनताको असिम अपेक्षा, अर्कोतिर हाम्रो आफ्नै राजनीतिक, प्रशासनिक, ऐन कानुन एवम् स्रोत र साधनको सिमितताको वीचमा प्रदेश सरकार अघि बढेको थियो । तथापि शुन्य अवस्थाबाट प्रदेश सरकार गठन भएको तेश्रो वर्ष पुरा हुँदै गर्दा प्रदेश सरकारले गरेका कामहरु देखिन थालेका छन् । अझै पनि अपेक्षा र यथार्थताको धरातलबाट उपलब्धिको लेखाजोखा गर्दा फरकपन भेटिएला तर हामीले कस्तो अवस्थाबाट कार्य आरम्भ गरेका थियौं भन्ने स्मरण गर्दा मात्र पनि प्राप्त उपलब्धिहरुप्रति गर्व गर्न सकिन्छ । यहाँसम्म आईपुग्दा हामीले ऐन कानुन निर्माण, कर्मचारी ब्यवस्थापन, पुर्वाधार ब्यवस्थापन, प्रदेश गौरवको आयोजना निर्माण, कृषि आधुनिकिकरण, कृषक प्रोत्साहन तथा अनुदान कार्यक्रम, पर्यटन क्षेत्रको विकास, औधोगिक विकास एवम् रोजगारी सिर्जना, शिक्षा क्षेत्रमा विद्यार्थीको स्वास्थ्य सुरक्षा, भौतिक पुर्वाधार एवम् शैक्षिक गुणस्तर सुधार, खेलकुदको क्षेत्रमा प्रतिभा पहिचान, प्रोत्साहन, खेल पुर्वाधारको विकास लगाएत अनेकौं कार्यक्रमहरु घोषणामा सिमित होईन कि ब्यवहारमा कार्यान्वयन भएर परिणाममा देखिन थालेका छन् । यसरी राजनीतिक परिवर्तनको उपलब्धिलाई जनताको जीवन र दैन्दिन ब्यवहारमा अनुभुति गराउन बागमति प्रदेश सरकारले

अथक प्रयास गर्दै आएको छ । यसो गरिरहदाँ हामी प्रष्ट्र छौं, जनताको जीवनमा नदेखिने र जनताको जीवनलाई नछुने परिवर्तनको कुनै अर्थ छैन । ब्यवस्था बदलिने तर जनताको अवस्था नबदलिने विगतको नजिरलाई बदल्न सक्दा मात्र हामीले उज्यालो भविष्यको निर्माण गर्न सक्छौं । यसै पनि दोष लगाउन र उम्किनका लागि अब हामी संग विगतमा जस्तो राजा महाराजाहरु छैंनन् । हामी आँफैंले आफ्नो पौरखको जगमा यो देशलाई बनाउनुपर्छ । बनाउन सकिन्छ । यहि संकल्प सहित समृद्ध नेपाल, सुखी नेपाली को आकांक्षा पुरा गर्न हामी अघि बढेका हौं ।

हामी नेपाली श्रोत र साधनमा समृद्ध छौं । दुई ठुला राष्ट्रहरुवीच रहेको हाम्रो देशको भुराजनीतिक संवेदनशिलता छँदैछ, संगै अवसरहरु पनि उत्तिकै छ तर लामो समयदेखी हाम्रा हजारौं युवाहरु विदेश पलायन हुने क्रम रोकिएको छैन । सुचना र प्रविधिको उच्चतम् उपयोगबाट दुनियाँ तिव्रतर गतिमा अघि बढेको छ । मानिसका जीवन दिनप्रति दिन सरल र सहज बन्दै गईरहेका छन् तर नेपाली जनताको जीवन उस्तै कष्टप्रद हुनु आजको शताब्दि सुहाउदों कुरा हो । हजारौं बालबालिका शिक्षाबाट बञ्चित हुने अवस्था, युवाहरु अवसरबाट बञ्चित हुनुपर्ने तितो विगतलाई बदल्नै पर्‍यो । निश्चय नै यो युग सुहाँउदो कुरा होईन । यसलाई परिवर्तन गर्नुपर्छ । गर्न सकिन्छ । हाम्रो विडम्बना हो, प्रचुर सम्भावना नै सम्भावनाले भरिएर पनि अविकास  र पछौटेपनको सिकार हुनपुग्यौं । राजनीतिक अस्थिरताको जगमा विकासले गति लिन सकेन । युगानुकुल शिक्षाको प्रबन्ध, रोजगारीका अवसरका श्रृजना, पुर्वाधार विकास आदी हुन नसक्दा युवाहरुमा नैराश्यता पैदा भयो । पाखुरीमा बल भरिएका युवाहरुले आफ्नो पौरख यहि देशको निर्माणमा सिञ्चित गर्ने अवस्था बनेन् । द्धन्द्ध र राजनीतिक संक्रमणकालले युवा पलायनलाई मलजल प्रदान गर्‍यो । यसक्रममा शिक्षित युवाको रोजाई

अष्ट्रेयिला, क्यानडा, श्रम र सिप भएका युवाहरुको रोजाई मलेसिया, कतार जस्ता देश बन्न पुग्यो । हाम्रा युवाको भरमा कतार र मलेसियामा आलिसान महलहरु ठडिए, पुर्वाधार विकास गरियो तर हामी जसोतसो घिस्रियौं । यस अवस्थालाई बदल्नु नै हाम्रो प्रमुख दायित्व हो । जनताले सुम्पिएको महत्वपुर्ण अभिभारा हो । यसक्रममा हामीले थुप्रै कामहरु गरेका छौं । नयाँ मानकहरु स्थापित गरेका छौं । विश्वमञ्चमा सार्वभौम देशको हैसियतमा बलियो संग उपस्थित हुने अवस्था निर्माण गरेका छौं । सानो देशका गरिब जनता भन्ने हिन भावनाबाट मुक्ति मिलेको छ । भुगोल सानोठुलो होला, स्वाधिनता र स्वाभिमान समान हुन्छ भन्ने मान्यता स्थापित भएको छ । रेलदेखी तेलसम्म, सगरमाथाको उचाई मापनदेखी ब्यक्तिले हडपेका सार्वजनिक सम्पति राज्यले नियन्त्रण लिनेसम्म, अन्तराष्ट्रिय विमानस्थल निर्माण देखी सुरुङ मार्गको युगमा देशलाई लैजानेसम्म, भुकम्पले भत्किएको धरहरा ठडाउने देखी नेपाली स्वाभिमान उठाउनेसम्मका कामहरु भएका छन् । लामो समयदेखी नेपालको नक्सामा नरहेको कालापानी लिपुलेख लिम्पियाधुरा लगाएतको क्षेत्र सर्वसम्मतरुपमा संविधान संशोधन गरी राख्ने युगान्तकारी ऐतिहासिक कार्य यसक्रममा भएका महत्वपुर्ण उपलब्धि हुन् ।

तर विडम्बना पछिल्लो निर्वाचनबाट प्राप्त राजनीतिक स्थिरताको सन्देश सहित तीनै तहको सरकार “समृद्ध नेपाल, सुखी नेपाली”को राष्ट्रिय आकांक्षा पुरा गर्न क्रृयाशिल भईरहेकोमा पुनः देश समृद्धिको मुल एजेण्डाबाट राजनीतिक मुद्धाको उल्झनमा आईपुगेको छ । यसले कहिंकतै हामी सहिदहरुका आदर्श र उनीहरुले देखाएको बाटोबाट विचलित त भईरहेका छैनौं भन्ने प्रश्न उठ्न थालेको छ । सहीदहरुले राष्ट्रको लागि देखाएको त्याग, बलिदान कसैको लागि सक्ता प्राप्त गर्ने भ¥याङ मात्र भएको हो कि भन्ने संशय उत्पन्न भएको छ । सक्ताको लागि थोरै पनि धेर्य गर्न नसक्ने, पद, प्रतिष्ठा, पैसाको लागि मरिहत्ते गर्ने, देश र जनताको

लागि भन्दा पनि आफु र आफ्नो आफन्तको लागि राजनीति गर्ने प्रवृति हावि हुँदै जानुले सहिदहरुको बलिदानीको अवमुल्यन भएको छ । एकातिर विकास र समृद्धिको सपना र प्रतिबद्धता, अर्कोतिर पटकपटक अवसर पाईसकेकाहरुको पुनः सक्तास्वार्थ र नीजि महत्वकांक्षा, एकातिर जनमतको विश्वास र भरोसा अर्कोतर्फ सक्ता प्राप्तिका लागि अराजकता र अतिरञ्जना...यिनै र यस्तै कारणले राजनीतिक स्थिरतामा कालो बादल मडारिदैं गर्दा हामी यस कार्यक्रममा उपस्थित भएका छौं तर पनि हामी निर्धक्क भएर भन्न सक्छौं, प्रजातन्त्रमा जनता नै सार्वभौम हुन् । जनताले लिने जुनसुकै अग्नि परिक्षाका लागि राजनीतिक नेतृत्व तयार रहनुपर्छ । दलहरु जनतामा फर्किने, जनताको मत र विश्वास जितेर शासनसक्ताको बागडोर सम्हाल्ने र मुलतः जनताको विचमा परिक्षित हुने विषय नै लोकतन्त्रको सुन्दर पक्ष हो ।

प्रजातन्त्रको यहि मुलभुत मान्यताभित्र रहेर संघिय सरकारले ताजा जनादेशको लागि प्रतिनिधिसभाको लागि नयाँ निर्वाचनको घोषणा गरेको छ । निश्चय नै निर्वाचनको विषयमा मत मतान्तर हुनसक्छ तर प्रजातन्त्र वा लोकतन्त्र निर्विकल्प छ । प्रजातन्त्रलाई छाडातन्त्र, मनपरीतन्त्रको रुपमा ब्याख्या गर्दै देशलाई अराजकता तर्फ धकेल्ने प्रयासहरु पनि हुन थालेका छन् । प्रजातन्त्रको मुल मर्म माथीको यस्तो प्रहारले जनभावनामाथि कुठाराघात भएको छ । यसर्थ जनताबाट पर भागेर होइन, जनताको वीचमा रहेर मात्र प्रजातन्त्र वा लोकतन्त्रलाई मजबुत बनाउन सकिन्छ । सहिदले देखाएको बाटो र आदर्शलाई पछ्याउन सके मात्र यो दिवसको सार्थकता रहन्छ ।

अन्त्यमा, राजनीतिक अधिकार प्राप्तिको लागि लड्नुपर्ने अवस्थाको अन्त्य भईसकेको छ । त्यसैले आज हामी सबैको एउटै कार्यभार हो, विकास र समृद्धि । राजनीतिक स्थिरता यसको पुर्वशर्त हो । समृद्धिको अभियानमा अहिले ठेस

लागेको छ तर यात्रा रोकिएको छैन । यतिबेला देशको जीवनमा आईपरेको विषमताको बादल छिट्टै फाटिनेछ र ताजा जनादेश मार्फत पुनः राजनीतिक स्थिरता सहित समृद्धिको रथ थप उत्साह र गतिका साथ अगाडि बढ्नेछ भन्ने विश्वास सहित बागमति प्रदेश सरकारको तर्फबाट यस प्रदेशमा राजनीतिक स्थिरताको सन्देश सहित जनआकांक्षा पुरा गर्न सदैव प्रयत्नशिल र प्रतिबद्ध रहेको स्पष्ट पार्दै पुनः यहाँहरु सबैमा प्रजातन्त्र दिवसको शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद .

मिति M २०७७ फागुन ७ गते डोरमणि पौडेल

मुख्यमन्त्री